# म्याक्स कन्वेनियंस स्टोर र ओवर्सिज इम्मिग्रेशन कन्सल्टिंग विरुद्ध सामुहिक मुद्दा

## मुद्दाको पृष्ठभूमि

चारजना बिदेशी कामदारहरुले ब्रिटिश कोलमबिया मा रहेको सर्बोच्च अदालतमा म्याक्स कन्वेनियंस स्टोर, ओवर्सिज इम्मिग्रेशन सर्विसेस इन्क, ओवर्सिज करियर एंड कन्सल्टिंग लिमिटेड र ट्रिडेण्ट इम्मिग्रेशन सर्बिसेस लिमिटेड (सबैलाई मुद्दाका "प्रतिवादी" भनिने) विरुद्ध सामुहिक मुद्दा सुरु गरेका छन्

यो सामुहिक मुद्दाले "प्रतिवादी" हरुलाई बिदेशी कामदारहरु संग पश्चिमी क्यानाडामा भएको म्याक्स कन्वेनियंस स्टोरमा काम पाउनको लागि ठुलो रकम फिसको रुपमा लिएको आरोप लगाएको छ. म्याक्सले बिदेशी कामदारहरुलाई काम दिने भनेर करारनामा गरयो. जब कामदारहरु क्यानाडा आइपुगे, म्याक्सले करारनामामा सुनिस्चित गरेको काम या त दिन मानेन या दिन सकेन. यो सामुहिक मुद्दाले यस्तो ब्यबहार बाट हानी पुगेका कामदारहरुलाई क्षतिपूर्ति खोजेको वा माग गरेको छ.

## यो मुद्दामा कसले भाग लिन सक्छ?

यो मुद्दा ति बेदेशी कामदारहरुको पक्षमा दायर गरिएको छ जसले डिसेम्बर ११, २००९ देखि क्यानाडामा काम प्राप्त गर्नको लागि ओवर्सिज इम्मिग्रेशन सर्विसेस इन्क, ओवर्सिज करियर एंड कन्सल्टिंग लिमिटेड र/वा ट्रिडेण्ट इम्मिग्रेशन सर्बिसेस लिमिटेड लाई पैसा दिए, र जसलाई क्यानाडाको अस्थाई बिदेशी कामदार कार्यक्रम अन्तर्गत ब्रिटिश कोलम्बिया, अल्बर्टा, नोर्थवेस्ट टेरीटोरिज, र सस्काचेवान ("वेस्टर्न क्यानाडा") मा भएको म्याक्स कन्वेनियंस स्टोरमा काम गर्नको लागि करारनामा दिइएको थियो.

यदि तपाइलाई पनि यस्तै भएको छ भन्ने लाग्छ भने, कृपया यो समुहलाई प्रतिनिधित्व गर्ने निम्न वकिलहरुलाई सम्पर्क गर्नुहोस:


**Charles Gordon and Kirby Smith**
**Koskie Glavin Gordon**

1650 – 409 Granville Street
Vancouver, BC V6C 1T2
**T** 604.734.8001 | **F** 604.734.8004
**E** cgordon@koskieglavin.com
**W** www.koskieglavin.com

**Carmela Allevato and Susanna Quail**
**Allevato, Quail & Worth**

405 – 510 W. Hastings Street
Vancouver, BC V6B 1L8
**T** 604.424.8637 | **F** 604.424.8632
**E** saquail@aqwlaw.ca
**W** www.aqwlaw.ca

## धेरै सोधिने प्रस्नहरु (Frequently Asked Questions)

### सामुहिक मुद्दा भनेको के हो?

यो एउटा यस्तो मुद्दा हो जसले उस्तै खालको कानुनी दाबी भएका धेरैजना व्यक्तिहरुलाई संगै मिलेर एउटा ठुलो दाबी वा माग गर्ने मौका दिन्छ. यस्ता व्यक्तिहरुको प्रतिनिधित्व "प्रतिनिधिमुलक बादीहरू" ले गर्दछन जसले वकिलहरुलाई निर्देशन दिन्छन र समुहको सर्बाधिक हितको लागि काम गर्छन. यस मुद्दामा त्यस्ता चारजना प्रतिनिधिमुलक बादीहरू हुन् - प्रकाश बस्याल, आर्थर गोर्टिफ़सियोन क्याहेस (Arthru Gortifacion Cajes), एड्लिन टेसोरेरो (Edlyn Tesorero) र बिष्णु खड्का.

### अब के हुन्छ?

मुद्दा दायर गरेपछि अर्को कदम भनेको अदालतले यो मुद्दालाई सामुहिक मुद्दाको रुपमा लिन मिल्ने वा नमिल्ने हो भनि निर्णय गर्छ. अदालतले समुहभित्रको सबैजनाको दाबी उस्तै छन् कि छैनन् भनि विचार गर्छ, र सबैको दाबीलाई अघि लैजान सामुहिक मुद्दा उचित बाटो हो कि होइन भनेर हेर्छ. यो निर्णय पहिलो सुनुवाई (cerification hearing) मा गरिन्छ. यस्तो सुनुवाई धेरैजसो सामुहिक मुद्दाको अति बिबादास्पद भाग हो भन्न सकिन्छ.

यदि यो मुद्दा सामुहिक मुद्दा हो भनेर प्रमाणित भएमा  चारजना प्रतिनिधि गर्ने बादीहरूले समुहका सबै सदस्यको लागी मुद्दा अगाडी बढाउछन. सबै सम्भावित सदस्यहरुलाई कसरि यो समुहको हिस्सा हुने भनेर हामीले सम्पर्क गर्नेछौं.

### समुहका सदस्यहरुले कुनै कानुनी शुल्क तिर्नु पर्छ कि पर्दैन?

पर्दैन. सामुहिक मुद्दाका वकिलहरुले यस्तो सामुहिक मुद्दा सफल भयो भने अथवा मिलापत्र भयो भने मात्रै शुल्क लिन्छन. त्यति बेला वकिलहरुले प्रतिबादिहरुले तिरेको रकमको केहि प्रतिशत तथा लागेको खर्च र करहरु शुल्कको रुपमा लिन स्वीकृतिको लागि अदालत समक्ष निबेदन दिनेछन.

यदि समुहले कुनै रकम नपाएमा समुहका सदस्यलाई कुनै कानुनी शुल्क तिर्नु पर्ने छैन.

### यदि म संग यो मुद्दाकोलागी उपयोगी हुने सूचना छ भने के गर्ने?

यदि तपाई संग यो मुद्दा को लागि उपयोगी हुने कुनै सूचना छ भने, कृपया ६०४ ७३४ ८००१ मा सम्पर्क गर्नुहोस.

### मिडिया वा संचार

सबै मिडिया वा संचार सम्बन्धि कुराको लागि, कृपया ६०४ ७३४ ८००१ म सम्पर्क गर्नुहोस.